आज मिति २०८१ साल माघ महिनाको ३० गतेका दिन बिहान ११:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ६५औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

१. श्री विष्णु प्रसाद पोखेल — प्रशासन शाखा प्रमुख

२. श्री दल बहादुर के.सी — स्वास्थ्य शाखा प्रमुख

३. बलराम श्रेष्ठ — को.१९.

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठक संङ्ख्या नं.: ६५**
**मिति: २०८१/१०/३०**
**समय: बिहान ११:०० बजे**
**स्थान: नगरपालिका सभाहल**

**प्रस्तावहरुः**

१. अघिल्लो का.पा. बैठकको समिक्षा सम्बन्धमा।
२. शिक्षक सरुवा सम्बन्धमा।
३. अ.हे.व, अ.न.मि र पशु चिकित्सक छैठौ पदको विज्ञापन सम्बन्धमा।
४. आँखा शिविरको यातायात भाडा सम्बन्धमा।
५. शान्तीपार्क गेटको अपुग बजेट सम्बन्धमा।
६. आ.व २०८०/०८१ को जेसि अडिटको रिपोर्ट स्वीकृत सम्बन्धमा।
७. नेपाल सिटोरियो कराते संघ लुङ्ग बाहाने आर्थिक सहायता सम्बन्धमा।
८. आ.व २०८०/०८१ को LISA र FRA को नतिजा अनुमोदन सम्बन्धमा।
९. एम्बुलेन्स संचालन सम्बन्धमा।
१०. नगर प्रबक्ता सम्बन्धमा।
११. राष्ट्रिय योजना आयोग समपुरक र विशेष अनुदान तर्फ योजना छनौट सम्बन्धमा।
१२. विभिन्न निवेदन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं.** १ माथि छलफल गर्दा मिति २०८१/०९/२७ गते बसेको ६४औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं.** २ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ६ को जनसम्पर्क प्रा.वि तिमिलेमा प्रा.वि तृतिय श्रेणीको शिक्षक पदमा कार्यरत घनश्याम कालाथोकीलाई यस स्वर्गद्वारी नगरपालिका वडा नं. ६ मा रहेको श्री भुपाकोट प्रा.वि. थापाखर्क र यस स्वर्गद्वारी नगरपालिका वडा नं. ४ मा रहेको श्री जनता ने.रा प्रा.वि भिगृकोटमा प्रा.वि तृतिय श्रेणीको शिक्षक पदमा कार्यरत सिता देवी पुनलाई यस स्वर्गद्वारी नगरपालिका वडा नं. ७ मा रहेको श्री वेलवास मा.वि. तापामा सरुवा गर्ने निर्णय गरियो। साथै शिक्षक सरुवाको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (३) प्रस्ताव नं.** ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ मा रहेको गोठिबाङ स्वास्थ्य चौकी, स्वर्गद्वारी नगरपालिका वडा नं. ४ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र भिंगृका लागि लोकसेवा आयोगबाट पदपुर्ती नहुदा सम्मको लागि करार सेवामा १/१ जना अ.हे.व गरि जम्मा २ जना र यस स्वर्गद्वारी नगरपालिका वडा नं. ४ मा रहेको आधारभुत स्वास्थ्य केन्द्र भिंगृका लागि करार सेवामा १ जना अ.न.मी पदमा साथै यस स्वर्गद्वारी नगरपालिका पशु सेवा शाखामा करार सेवामा कार्यरत पशु चिकित्सक श्री सन्दीप पौडेलले राजिनामा स्वीकृत गराएकोले निजको स्थानमा करार सेवामा पशु चिकित्सक छैठौ पदको विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. (४) प्रस्ताव नं.** ४ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले संचालन गरेको आँखा शिविरबाट आँखाको प्राथमिक स्क्रिनिङ टेस्ट गर्दा आँखाको शल्यकृया गर्नुपर्नेलाई यस

विमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भिंगृ, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner

स्वर्गद्वारी नगरपालिका भिंगृबाट दाङको सिसहनिया जान र सिसहनियाबाट भिंगृ सम्म आइपुग्नको लागि यातायात भाडा र आँखा विरामीलाई खाना वापत आवश्यक पर्ने रुकम रु १,२०,०००। (एकलाख बीस हजार) यस स्वर्गद्वारी नगरपालिकामा रहेको एकीकृत घुम्ती शिविर शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. (५) प्रस्ताव नं.** ५ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ८ दहचौरमा रहेको शान्तीपार्क गेट निर्माणको लागि अपुग रकम रु ९६,०००। छ्यानब्बे हजार यस स्वर्गद्वारी नगरपालिकको मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. (६) प्रस्ताव नं.** ६ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठानको आ.व. २०८०/०८१ को लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन(GESI Audit) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (७) प्रस्ताव नं.** ७ माथि छलफल गर्दा नेपाल सिटोरियो कराते संघ लुङ्ग बाहानेले प्रथम स्वर्गद्वारी ईण्डो नेपाल कराते प्रतियोगिता २०८१ संचालन गर्दा लागेको खर्चलाई यस नगरपालिकाबाट रु ३०,०००। (तीस हजार) आर्थिक सहायता कोषबाट दिने निर्णय गरियो।

**निर्णय नं. (८) प्रस्ताव नं.** ८ माथि छलफल गर्दा आ.व २०८०/०८१ को यस स्वर्गद्वारी नगरपालिकाको संस्थागत क्षमता स्व मुल्याङ्कन, स्थानीय तह वित्तिय शुसासन जोखिम मुल्याङ्कनमा प्राप्त प्रारम्भिक अंकलाई जिल्ला समन्वय समितिको कार्यालय प्यूठानबाट पृष्ठपोषण प्रश्चात अन्तिम नतिजा क्रमशः ८९ र ८४.८५ प्राप्त हुन आएकोले अन्तिम नतिजा अनुमोदन गरि नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. (९) प्रस्ताव नं.** ९, १०, ११, १२ लाई थप अध्ययन गरि अर्को कार्यपालिका बैठकमा छलफल गरी आवश्यक निर्णय लिने निर्णय गरियो।

अन्त्यमा आजको ६५औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

प्रमुख प्रशासकीय अधिकृत